# आठविसकोट नगरपालिकाको बैठक, तालिममा सहभागीहरुलाई दिईने भत्ता सम्बन्धी मापदण्ड, २०७५

**प्रस्तावना** : आठविसकोट नगरपालिका नगर कार्यपालिका बैठक, नगर सभा बैठक, विषयगत समितीका भत्ता प्राप्त हुने गरी आयोजना हुने बैठकहरु तथा नगरपालिकाले सञ्चालन गर्ने तालिम, गोष्ठी, सेमीनारका सहभागीहरुले पाउने भत्तालाई नियमित र व्यवस्थित गर्न वाञ्छनिय भएकोले आठविसकोट नगर कार्यपालिकाले यो मापदण्ड बनाई लागू गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस मापदण्डको नाम "आठविसकोट नगरपालिकाको बैठक, तालिममा सहभागीहरुलाई दिईने भत्ता सम्बन्धी मापदण्ड २०७५" रहेको छ ।

(२) यो मापदण्ड नगर कार्यपालिकाबाट पारीत भएपछि आठविसकोट नगरपालिका भर लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "बैठक" भन्नाले नगर कार्यपालिकाको बैठक, नगर सभा बैठक, नगरपालिकामा आयोजना हूने विभिन्न विषयगत समितीका बैठकहरु, वडा समितिका बैठक तथा विशेष उद्देश्य र निर्णयको लागि आयोजना हुने विशेष विषयहरु(पदपूर्ति समिति, शिक्षा समिति, बोलपत्र मूल्यांकन समिति, बोलपत्र खोल्न गठित समितिजस्ता नियमित बैठक नभई विशेष प्रयोजनमा आयोजना हुने बैठकहरु)सँग सम्बन्धित बैठकलाई सम्झनु पर्दछ ।

(ख) "तालिम" भन्नाले कुनै व्यक्तिको सामर्थ्य, क्षमता, उत्पादकत्व र कार्य सम्पादनस्तरमा सुधार गरी प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धिको लागि शिक्षण वा सीप र ज्ञानको दायरा बढाउने कार्य प्रयोजनको लागि नगरपालिका वा अन्य सरोकारवाला जिम्मेवार निकायले आयोजना गर्ने तालिम, गोष्ठी, सेमिनार, अभिमूखिकरण, कार्यशाला समेतलाई सम्झनु पर्दछ ।

(ग) "सहभागी" भन्नाले माथि उल्लेखित परिभाषा खण्डको उपखण्ड (क) र (ख) बमोजिमका बैठक, तालिम, गोष्ठी, सेमिनार, अभिमुखिकरण, कार्यशालाहरुमा सहभागीता जनाउने गरी पत्राचार गरिएका एवम् प्रचलित कानून बमोजिम बैठक वा तालिममा सहभागि हुने भनि तोकिएका व्यक्तिहरुलाई सम्झनु पर्दछ ।

(घ) "प्रशिक्षक" भन्नाले सम्बन्धित विषयको ज्ञान र सीव भएका वा सो विषयमा अध्ययन, अनुसन्धान, परामर्श, अनुभव हासिल गरेका तालिम, गोष्ठी, सेमिनार, अभिमुखिकरण, कार्यशालाहरुमा सहजीकरण गर्ने व्यक्तिहरुलाई सम्झनु पर्दछ ।

(ङ) "व्यवस्थापक" भन्नाले बैठक, तालिम, गोष्ठी, कार्यशाला, सेमिनारमा प्रशिक्षक एवम् सहभागीहरुलाई सहजिकरण गर्ने गरी नगरपालिकाको हकमा तालिम, गोष्ठी तथा बैठक व्यवस्थापन उपशाखा प्रमुख वा नगरपालिकाले उल्लेखित कार्यको लागि तोकेको नगरपालिकाको कुनै कर्मचारीलाई सम्झनु पर्दछ ।

आठविसकोट नगरपालिका, रुकुम(पश्चिम)

३. भत्ता सम्बन्धी व्यवस्था : बैठक, तालिम, गोष्ठी, सेमिनार, अभिमुखिकरण, कार्यशालाहरुमा सहभागीहरुले तपसिल बमोजिम भत्ता पाउनेछन ।

तपसिल

| क्र.सं. | विवरण | भत्ता रकम | कैफियत |
|---|---|---|---|
| १. नगर कार्यपालिका, नगर **सभा** बैठक | | | |
| क | सहभागी | १००० | प्रति बैठक |
| ख | व्यवस्थापक | १००० | प्रति बैठक |
| ग | कार्यालय सहयोगी | ३०० | प्रतिदिन/काममा खटिएमा मात्र |
| २. विषयगत समितीका बैठकहरु | | | |
| क | सहभागीहरु | १००० | |
| ख | व्यवस्थापक | १००० | प्रति बैठक |
| ग | कार्यालय सहयोगी | ३०० | प्रतिदिन/काममा खटिएमा मात्र |
| ३. तालिम, गोष्ठी, सेमिनार, अभिमुखिकरण, कार्यशालाहरु | | | |
| क | प्रशिक्षक | २००० | प्रति सेसन |
| ख | व्यवस्थापक | १००० | प्रति दिन |
| ग | सहभागी | ५०० | प्रति दिन |
| घ | कार्यालय सहयोगी | ३०० | प्रतिदिन/काममा खटिएमा मात्र |

४. मापदण्ड लागू नहुने : आफैले खर्च व्यहोर्ने गरी सञ्चालन हुने संघीय सरकार, प्रदेश सरकार, जिल्ला समन्वय समिती, विभिन्न सरकारी तथा गैर सरकारी संघसंस्था लगायतले आयोजना गर्ने बैठक तथा तालिमको लागि यो मापदण्ड लागु हुने छैन ।

५. प्रचलित कानूनमा उल्लेख भएको हकमा सोही बमोजिम हुने : संघीय तथा प्रदेश कानून र नगरसभा वा नगर कार्पालिकाबाट पारित अन्य कानूनमा बैठक तथा तालिम सम्बन्धमा उल्लेख भएमा सोही कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

६. लागू नहुने : यस अघि बैठक तथा तालिम भत्ता सम्बन्धमा भएका कार्यहरुको हकमा यो मापदण्ड लागू हुने छैन् ।

आठविसकोट नगरपालिका, रुकुम (पश्चिम)

**नगर कार्यपालिकाबाट स्वीकृती**

मिति: २०७५/०४/१४

**प्रमाणिकरण**

मिति: २०७५/०४/१९